# नगर प्रमुख उद्यमशिलता प्रर्वद्धन कार्यक्रमका लागि
# व्यवसायिक पशुपालन सम्बन्धमा

## सहुलियतपूर्ण कर्जा सम्बन्धी

नमूना नमूना नमूना

## परियोजना स्किम

तयार गर्ने
धन कृषि तथा पशु फर्म
रत्ननगर नगरपालिका-१५, माधवपुर, चितवन

## १. पृष्ठभूमी

नेपालको मिश्रित अर्थतन्त्रमा कृषि तथा पशुपालन महत्वपूर्ण व्यवसायको रुपमा स्थापित छ । बढदो कृषि तथा पशुजन्य पर्दाथको राष्ट्रिय मागलाई पूर्ति गरि आत्मनिर्भर वन्न व्यवसायिक कृषि तथा पशुपालनमा लाग्नु आजको आवश्यकता हो । यो फर्मले खास गरी वाखा, भेडा तथा पाडा पाडी पालन गरी व्यवसायिकरण गर्ने सोच राखेको छ । खेतिवालीको लागि उपयोग हुन नसकेको र कम उर्वर भुमि उपयोग गरी यस व्यवसायलाई विकास गर्न सकिने आधारहरु प्रशस्त छन् । ग्रामिण युवा पुस्तालाई यस्ता व्यवसायले रोजगारी श्रृजना गरी आयआर्जन बढाई जीवनस्तर सुर्धान सहयोग पुर्‍याउछ । पूर्खाको खारिएको अनुभव, आधुनिक प्रविधि र व्यवस्थापनको संयोजनबाट यस्ता व्यवसायलाई प्रवर्द्धन गर्न सकिन्छ । नेपालमा पनि परापूर्वकालदेखि नै पशुपालन पाल्ने चलन चली आएको छ र उल्लेखित पशु पालन मासुका लागि पाल्न सकिने प्रशस्त आधारहरु भएकाले यो व्यवसायिक परियोजना स्किम अघि बढाइएको छ ।

विश्वका विकसित मुलुकहरुको तुलनामा नेपाल अति कम विकशित मुलुकको सूचीमा पर्दछ । नेपालमा चर्को गरीबी र बढ्दो बेरोजगारीको कारणले हाम्रा श्रमशील युवा कामको खोजीमा विदेशमा भौतारिनु परिरहेको अवस्था छ । जुन अवस्थालाई न्युनीकरण गरी स्वदेशमै देशको युवा जनशक्तिलाई स्वरोजगार बनाई आत्मनिर्भर भई काम गर्ने वातावरणका लागि विकास र समृद्ध हासील गरी रत्ननगर नगरपालिकाले ल्याएको नीति तथा कार्यक्रम अर्न्तगत स्थानिय नगरबासीहरुलाई उत्पादन तथा सेवामा जोडी आयआर्जन गरि उद्यमी बन्न प्रेरित गर्ने उद्देश्य अनुरुप सहुलियतपूर्ण व्यवसायिक कर्जाको लागि नगर प्रमुख उद्यमशिलता प्रर्वद्धन कार्यक्रम अर्न्तगत रु. ३ लाख रुपैयाँ सम्मको कर्जा उपलब्ध गराउने योजना अनुसार उक्त सहुलियत कर्जा प्राप्त गर्न र लिइएको कर्जा तोकिएको समयमै तिर्ने सक्ने आधार र प्रतिवद्धता सहित यो प्रस्ताव तथा परियोजना स्मिक स्वीकृतीको लागि पेश गरिएको छ ।

## २. उद्देश्यहरु

यो फर्म निम्न दिर्घकालिन उदेश्यहरु लिई स्थापना भएको छः

क) व्यवसायिक वाखा, भेडा तथा पाडापाडी पालन फर्म संचालन गर्ने, विक्रि वितरण गर्ने ।

ख) मासुको विविधिकरण र बजारीकरण गर्ने, विक्रि वितरण गर्ने ।

ग) उन्नत जातका वाखा, भेडा, पाडापाडी उत्पादन गरी कृषक, व्यवसायिक समूह, मासु पसल लगायतका क्षेत्रहरुमा विक्रि वितरण गर्ने ।

घ) व्यवसायिक वाखा, भेडा तथा पाडापाडी पालनका लागि घाँस खेतीको विकास गर्ने, विक्रि वितरण गर्ने ।

ङ) उन्नत जातका वाखा, भेडा, पाडापाडी उत्पादन, नश्ल सुधार तथा विकास केन्द्रको रुपमा संचालन गर्ने ।

च) स्थानीय पालिका, प्रदेश सकार, नेपाल सरकार, संघ संस्था, वैक तथा वित्तिय संस्था, गैर सरकारी संघ संस्था लगायतका निकायहरुसँग फर्मको उद्देश्य वमोजिम सहकार्य, समन्वय तथा सहलगानी कार्यक्रम संचालन गर्ने ।

## १. व्यवसाय दर्ता, वैद्यानिक अवस्था

### १.१ ब्यवसायको संरचनाः

घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा दर्ता भएको एक फर्म

### १.२ फर्मको नाम, ठेगाना :-

**नाम :** धन कृषि तथा पशु फर्म

**फार्मको दर्ता नं. : ३९०१/ ०७७/७८**

**ठेगाना :** रत्ननगर-१५, माधवपुर, चितवन

पूँजी : १०,००,०००।-, स्थिर : ६,००,०००।-, चालु पूँजी-४,००,०००।-

### १.३ फार्मको ब्यवस्थापक र सम्पर्क नं :

१. वुध वहादुर गुरुङ- ९८१३४३४३६९, ९८४६५६७८२०

२. मारु गुरुङ-९८१५११४२३३

### १.४ फार्मको कर दर्ता नं. (पान नं.) :-

६१३८१४९२२, आन्तरिक राजश्व कार्यालय, भरतपुर, चितवन

नमुना नमुना नमुना

**१.५ बैंक खाता विवरण :**

**बैंकको नाम** : ..................................................

**खातावालाको नाम : धन कृषि तथा पशु फर्म**

**खाताको किसिम :** चल्ती

**खाता नं :** ................................

**१.६ जग्गाको स्वामित्वको प्रमाण :**

व्यवसाय संचालन गर्ने जग्गा मेरो श्रीमान्को नाममा रहेको जमिन मध्ये किता नं. २३ मा संचालन गरिने छ । जसको कूल क्षेत्रफल ४ रोपनी, २ आना, ३ पैसा २ दाम रहेको छ । सोही जग्गा जमानत समेत दिइनेछ ।

**१.७. आधारभूत तथ्याङ्क**

फार्म स्थापनासँगै प्रारम्भिक चरणमा १० रोपनी जग्गामा जै घाँस, डाले घाँस, पास्पालम, मुलाटो, सेटेरिया आदि विभिन्न जातका घाँसका विरुवा रोपण गरिएको छ । स्थानीय जातका डाले घाँसका विरुवा (राइखनियो, निमारो, अम्रिसो, टाँकी, इपिल) को रोपण गरिने छ । घास खेतीको लागि आवश्यक थप जग्गा समेत लिजमा लिइनेछ ।

**१.८. विगतमा सरकारी वा अन्य कुनै निकाय वा संघ-संस्थाबाट व्यवसाय विकासको लागि आर्थिक तथा प्राविधिक सहयोग पाए नपाएको जानकारी र प्राप्त भएको भए प्रमाण सहित विवरण :**

हालसम्म कुनै पनि सरकारी वा अन्य कुनै निकाय वा संघ-संस्थाबाट व्यवसाय विकासका लागि नगद आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भएको छैन ।

**१.९. फार्मको व्यवसायिक कार्ययोजना :**

**क. वाखा पालन :**

- हाल ११ वटा वाखा पालन गरिरहेको, व्यवसायिक ढंगले आगामी दिनमा २० वटा वाखा थप गरी जम्मा ३१ वाखा वटा वाखा पालन गर्ने ।

**ख. भेडा पालन :** १० वटा पालन गर्ने ।

**ग. पाडा पाडी पालन :** हाल एक पाडी रहेको, आगामी दिनमा १५ वटा पाडा पाडी पालन गर्ने ।

**१.१०. वित्तिय प्रक्षेपणहरुः**

खास गरी वित्तीय प्रक्षेपण परियोजनाको मेरुदण्ड मानिन्छ । परियोजनालाई सफल र सवल रुपमा अगाडि बढाउन यसको भूमिका ज्यादै महत्वपूर्ण रहने गर्दछ । आम्दानी र खर्चको वास्तविकताबाट परियोजनाको रुपरेखा झल्कने भएर नै परियोजनालाई कहाँ सम्म कसरी लैजाने, कस्ता कस्ता सामानहरु, तरीकाहरु, सेवाहरु, कस्ता कस्ता समस्याहरु आई पर्दछन् समाधानका उपाय आदि इत्यादी थाहा पाउने सूचाङ्कको रुपमा मानिन्छ । यस परियोजनाको वित्तीय प्रक्षेपणहरु यस प्रकार आकलन गरिएको छ ।

## आर्थिक लेखाजोखा (Financial Projection)

**खोर, गोठ, औजार तथा उपकरणहरु र वाखा, भेडा, पाडा पाडी खरिदका लागि अनुमानित खर्चको विवरणः**

**क. वाखा पालन**

| क्र.सं. | विवरण | संख्या | लाग्ने खर्च | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १. | खोर निर्माण | १ (३१ वटा वाखा पालनका लागि) | २,५०,०००।- | २,५०,०००।- | २,५०,०००।- |
| २. | गोठ निर्माण | १ (३१ वटा वाखा पालनका लागि) | १,००,०००।- | १,००,०००।- | १,००,०००।- |
| ३. | वाखा खरिद | २० वटा | २,५०,०००।- | २,५०,०००।- | २,५०,०००।- |
| ४. | औजार तथा उपकरण खरिद | - | | | २५,०००।- |

| | | | |
|---|---|---|---|
| | | जम्मा रु. छ लाख पच्चिस हजार मात्र । | ६,२५,०००।- |

**ख. भेडा पालन**

| क्र.सं. | विवरण | संख्या | लाग्ने खर्च | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १. | खोर निर्माण | १ (१० वटा वाखा पालनका लागि) | १,००,०००।- | १,००,०००।- | १,००,०००।- |
| २. | गोठ निर्माण | १ (१० वटा वाखा पालनका लागि) | ५०,०००।- | ५०,०००।- | ५०,०००।- |
| ३. | भेडा खरिद | १० वटा | १,००,०००।- | १,००,०००।- | १,००,०००।- |
| | | जम्मा रु. दुई लाख पचास हजार । | | | २,५०,०००।- |

**ग. पाडा पाडी पालन**

| क्र.सं. | विवरण | संख्या | लाग्ने खर्च | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १. | गोठ निर्माण | १ (१५ वटा वाखा पालनका लागि) | २,५०,०००।- | २,५०,०००।- | २,५०,०००।- |
| २. | पाडा पाडी खरिद | १५ वटा | २,२५,०००।- | २,२५,०००।- | २,२५,०००।- |
| | | जम्मा रु. पाँच लाख मात्र । | | | ५,००,०००।- |

**घ. दाना, औषधी लगायतको अन्य खर्च**

| क्र.सं. | विवरण | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १. | औषधी खरिद | ५०,०००।- | वाषिक रुपमा |
| २. | विषेशज्ञ सेवा | २५,०००।- | ,, |
| ३. | घाँस रोपण | ५०,०००।- | ,, |
| | | १,२५,०००।- | |
| | | जम्मा रु. एक लाख पच्चिस हजार मात्र मात्र । | |
| | | | |

**१.११. बजार र बजारका अवसरहरुः**

**लक्षित ग्राहकहरुः**

रत्ननगर न.पा., खैरहनी वजार न.पा., स्थानीय वडाका वासिन्दा, छिमेकी जिल्लाहरुका वासिन्दा यस व्यवसायका लक्षित ग्राहकहरु हुन् । विशेष गरी गुरुङ समुदाय धार्मिक हिसावले अर्घुङ, पंचवली, कुलायन पुजा जस्ता धार्मिक गतिविधिहरुमा वाखा, भेडा, पाडापाडीहरु अनिवार्य चाहिने र हालसम्म पनि यस प्रकारको व्यवसाय हामीले संचालन गर्न लागेको स्थानमा व्यवसायिक ढंगले संचालन नभएको हुँदा यस उत्पादनका ग्राहकहरु समेत स्थानीय वासिन्दा समेत रहेका छन् ।

**१.१२.चाहिने मालसामान आपूर्ति व्यवस्था :**

व्यवसाय संचालन गर्न चाहिने मालसामानहरु रत्ननगर, भरतपुर क्षेत्रमा सहजै उपलब्ध हुने र सो सम्बन्धी होलसेल मार्केटसँग सम्पर्क गरी व्यवसाय संचालन गर्न चाहिने  मालसामानको आपूर्ति व्यवस्था मिलाइने छ ।

**१.१३ आवश्यक प्राविधिक तथा अन्य जनशक्तिहरु**

क. मेरो श्रीमान्ले व्यवसाय सम्बन्धी तालिम लिएको ।

ख. मेरो श्रीमान्ले अवाश्यक व्यवस्थापकीय सहयोग गर्ने र वजारवाट चाहिने सरसामानहरु ल्याउने कार्यमा सहयोग गर्नु हुने छ ।

ग. म, मेरो श्रीमान् र थप एक जना गरी जम्मा ३ जना जनशक्ति परिचालन हुने छ ।

नमूना नमूना

**चालु खर्च तर्फः**

चालु खर्चको विवरण निम्नानुसार रहेको छः

| सि.नं | विवरण | इकाई | परिणाम | मूल्य रु. | जम्मा मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वैङ्क किस्ता/ब्याज | | | | ३,४५,०००। | वार्षिक |
| २. | तलब भत्ता, ३ जना | प्रति महिना | १०,०००। (एक जनालाई) | ३०,०००।- | ३,६०,०००। | ,, |
| ३. | वाखा, भेडा, पाडा पाडीलाई कुडो, घाँस, दाना | प्रति महिना | १२ महिना | ३०,०००।- | ३,६०,०००।- | ,, |
| ४. | यातायात तथा संचार | | | | २५,०००। | ,, |
| ५. | विजुली/ पानी | | | | १०,०००। | ,, |
| ६. | अडिटर फि | | | | १०,०००। | ,, |
| ७. | विविध | | | | १५,०००। | ,, |
| | | | | | ११,२५,०००। | ,, |

सामान खरिद र चालु खर्च दुवै गरी कुल रु :रु १५,००,०००।-+रु.११,२५,०००।-=
जम्मा रु. २६,२५,०००।- (छब्विस लाख पच्चिस हजार मात्र)।

**आम्दानी तर्फ**

**विवरणः**

| सि.नं | विवरण | इकाई | परिणाम | मूल्य रु. | जम्मा मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वाखा विक्रि | ३१ वटा | पाठा पाठी उत्पादन, ६२ वटा | १०,०००।- | ६,२०,०००। | वर्षिक |
| २. | भेडा विक्रि | १५ वटा | पाठा पाठी उत्पादन, २० वटा | १२,०००।- | २,४०,०००।- | वर्षिक |
| ३. | पाडा विक्रि | १० वटा | - | ४०,०००।- | ४,००,०००। | ,, |
| ४. | पाडी विक्रि | ५ वटा | | ५०,०००।- | २,५०,०००।- | |
| | | | | जम्मा | १५,१०,०००। | |

**कुल वार्षिक आम्दानी – कुल वार्षिक खर्च = खुद नाफा प्रति वर्ष**

**रु. १५,१०,०००- ११,२५,०००= रु३,८५,०००।-**

**२. लाभ लागत विश्लेषणः**

कुनै पनि व्यवसायमा लगानी गरिसकेपछि आफ्नो लगानीको प्रतिफल कुन रुपमा आउनेछ भन्ने कुरा माथिको आम्दानी र खर्चको हिसाबले देखाउँछ। यसमा लाभ लागत विश्लेषण अनुसार पहिलो वर्षमा नै राम्रै मुनाफा हुने देखिन्छ। यसबाट आम्दानीमा बृद्धि हुने भएकोले यसबाट के स्पष्ट हुन्छ भने बैंकबाट लिएको सहुलियत ऋणको साँवा तथा व्याज समयमै चुक्ता गर्न सकिने यो लाभ लगत विश्लेषणबाट देखिन्छ।

**निवेदिका :**

..................

**मारु गुरुङ,**
**प्रोपाइटर, धन कृषि तथा पशु फर्म**
**रत्ननगर-१५, माधवपुर, चितवन**

**मिति : २०७९ श्रावण २४ गते**

नमूना नमूना